# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, असोज २६ गते, २०७७ साल (संख्या २६

## भाग ३

नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

## कर्जा सुरक्षण (दोस्रो संशोधन) नियमावली, २०७७

कर्जा सुरक्षण नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "कर्जा सुरक्षण (दोस्रो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ११ मा संशोधनः</u>** कर्जा सुरक्षण नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को,–

(१) उपनियम (१) मा रहेका "छ प्रतिशतले" भन्ने शब्दहरुको सट्टा "पाँच प्रतिशतले" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "पच्चीस प्रतिशतका दरले" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशतका दरले" भन्ने शब्दहरू र "पचहत्तर प्रतिशतका दरले" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशतका दरले" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>मूल नियमावलीको नियम ३५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३५ को उपनियम (२) झिकिएको छ।

४. **<u>मूल नियमावलीको नियम ३६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३६ को,–

(१) उपनियम (१) को खण्ड (ग) मा रहेका "दश लाख" भन्ने शब्दहरुको सट्टा "बीस लाख" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "एक प्रतिशत" भन्ने शब्दहरुको सट्टा "शून्य दशमलव आठ प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

५. <u>मूल नियमावलीको नियम ३७ मा संशोधनः</u> मूल नियमावलीको नियम ३७ को उपनियम (१) को ठाउँ ठाउँमा रहेका "पचास लाख" भन्ने शब्दहरुको सट्टा "एक करोड" भन्ने शब्दहरू र सोही उपनियममा रहेका "दुई करोड" भन्ने शब्दहरुको सट्टा "तीन करोड" भन्ने शब्दहरु राखिएका छन्।

६. <u>मूल नियमावलीको नियम ३८ मा संशोधनः</u> मूल नियमावलीको नियम ३८ को उपनियम (१) को ठाउँ ठाउँमा रहेका "पचास लाख" भन्ने शब्दहरुको सट्टा "एक करोड" भन्ने शब्दहरू र सोही उपनियममा रहेका "दुई करोड" भन्ने शब्दहरुको सट्टा "तीन करोड" भन्ने शब्दहरु राखिएका छन्।

७. <u>मूल नियमावलीको नियम ४० मा संशोधनः</u> मूल नियमावलीको नियम ४० को,-

(१) उपनियम (१) मा रहेका "पचहत्तर प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशत" भन्ने शब्दहरू, "पच्चीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशत" भन्ने शब्दहरू र सोही उपनियमको ठाउँ ठाउँमा रहेका "बाह्र दशमलव पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पच्चीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "बीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशत" भन्ने शब्दहरू र "असी प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (३क) मा रहेका "पचहत्तर प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशत" भन्ने शब्दहरू र "पच्चीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

८. <u>**मूल नियमावलीको नियम ४२ मा संशोधनः**</u> मूल नियमावलीको नियम ४२ को उपनियम (१) मा रहेका "सुरक्षण क्षतिपूर्ति दाबी गर्दा भुक्तानी गर्दाको मितिसम्म" भन्ने शब्दहरूको सट्टा "क्षतिपूर्ति दाबी गर्दा कर्जाको अन्तिम भुक्तानी मितिसम्म" भन्ने शब्दहरू राखिएका छन्।

९. <u>**मूल नियमावलीको अनुसूचीमा संशोधनः**</u> मूल नियमावलीको अनुसूची-१३ को सट्टा देहायको अनुसूची-१३ राखिएको छः-

"अनुसूची-१३
(नियम ४१ को उपनियम (१) सँग सम्बन्धित)

**सुरक्षण कर्जाको अर्धवार्षिक विवरण**

(२०....... साल पौष/आषाढ मसान्तसम्मको)

सदस्य संस्थाको नामः-

शाखाः-

(रकम रु. मा)

| सुरक्षण हुने कर्जाको विवरण | | | | | | | | | | कर्जा रकम | | | महल नं. (१३) को ... प्रतिशतले हुने सुरक्षण शुल्क | भुक्तानी म्याद नाघेको कर्जा रकम (सौंवा ब्याज) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कर्जा नं. | किसिम | प्रयोजन | ऋणीको | | | | लगानी मिति | अन्तिम भुक्तानी मिति | सौंवा | ब्याज | जम्मा | | | |
| | | | | नाम | ठेगाना | नागरिकता नं. | सम्पर्क नम्बर | | | | | | | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१० | (११) | (१२) | (१३) | (१४) | (१५) | (१६) |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | जम्माः | | | | | | | | |

**नोटः** (१) महल नं. (१३) बमोजिमको कुल बाँकी कर्जा रकमको....... प्रतिशतले हुने अर्धवार्षिक सुरक्षण शुल्क बापतको रकम प्रत्येक माघ र श्रावण मसान्तसम्ममा विवरणसहित ड्राफ्ट/चेकद्वारा कोषले भुक्तानी पाउने गरी कोषमा पठाउनु पर्नेछ।

(२) सम्भव भएसम्म यस अनुसूची अनुसारको विवरण कम्प्युटर सफ्ट कपीमा पठाउनु पर्नेछ।"

## सूचना २

नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार नियमावली, २०६४ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-५ र अनुसूची-६ को सट्टा देहायका अनुसूची-५ र अनुसूची-६ राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**"अनुसूची-५**

(नियम ३७ को उपनियम (२) सँग सम्बन्धित)

**भन्सार एजेन्टको इजाजतपत्र लिनका लागि दिने दरखास्त फारम**

| फोटो |
|---|
| *हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फाराममा र फोटोमा पर्ने गरी दरखास्तवालाले सही गर्ने।* |

| | | |
|---|---|---|
| विज्ञापन नं. | | रोल नम्बर |
| भौचर नं. | दरखास्त दर्ता नं. | |
| दर्ता गर्ने कार्यालयः | दर्ता मितिः | |
| दस्तखतः | | |

**आफ्नो सम्पूर्ण वैयक्तिक विवरण स्पष्ट बुझिने अक्षरमा लेखुहोस्ः**

| | |
|---|---|
| **भाग (क) वैयक्तिक विवरणः** | |
| १. (अ) दरखास्त पेश गरेको कार्यालयः- (आ) परीक्षा केन्द्रः | |
| २. दरखास्तवालाको पूरा नाम थरः | देवनागरीमाः |
| | अङ्ग्रेजी (CAPITAL LETTER) माः |
| ३. जन्म मितिः साल महिना गते | |
| ४. दरखास्त दिने अन्तिम मितिमा हुने उमेरः वर्ष महिना दिन | |

| | |
|---|---|
| ५. नागरिकता नं. जारी मितिः<br>जारी गर्ने जिल्लाः | |
| ६. स्थायी ठेगानाः प्रदेश ................. जिल्ला...................... गा.पा./न.पा. ................ वडा नं......... टोल .................... | |
| ७. पत्राचार गर्ने ठेगानाः प्रदेश ................ जिल्ला................ गा.पा./न.पा. ................. वडा नं. ....... टोल .............. | |
| ८. सम्पर्क फोन नम्बरः | |
| ९. मोबाइल नम्बरः इमेल ठेगानाः | |
| १०. आमाको नाम थरः | नागरिकताः |
| ११. बाबुको नाम थरः | नागरिकताः |
| १२. बाजेको नाम थरः | नागरिकताः |
| १३. विवाहित भएमा पति/पत्नीको नाम थरः | नागरिकताः |

**भाग (ख) शैक्षिक योग्यता सम्बन्धी विवरणः** (स्नातक तह तथा सो भन्दा माथि मात्र उल्लेख गर्ने)

| क्र. सं. | अध्ययन गरेको संस्थाको नाम र ठेगाना | उत्तीर्ण गरेको परीक्षा | श्रेणी | कुल प्राप्ताङ्क/ प्रतिशत | उत्तीर्ण गरेको वर्ष | मुख्य विषय |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

| भाग (ग) कम्प्युटर तालिम सम्बन्धी विवरणः | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. सं. | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिम को विषय | श्रेणी | कुल प्रासाङ्क/ प्रतिशत | तालिम लिएको वर्ष | तालिमको समयावधि |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| भाग (घ) अनुभव सम्बन्धी विवरणः (भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (३) बमोजिमको व्यक्ति भएमा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | भन्सार एजेण्टको प्रतिनिधि भएर कार्य गरेको भन्सार कार्यालय | भन्सार एजेण्ट नम्बर | अवधि | |
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (२) बमोजिमको योग्यता भएकाले यो दरखास्त दिएको छु। मैले माथि

उल्लेख गरेको सम्पूर्ण विवरणहरु सत्य छन्, झुट्टा विवरण दिएको ठहरे प्रचलित कानून बमोजिम सहन बुझाउन मञ्जुर गर्दछु।

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

.................................

दरखास्तवालाको दस्तखत

मितिः

<u>द्रष्टव्यः</u> दरखास्तसाथ विज्ञापनमा उल्लिखित कागजातका अतिरिक्त निम्न कागजातहरु अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ। दरखास्तवालाले कागजातहरु आफैंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

(क) नेपाली नागरिकताको प्रतिलिपि।

(ख) भन्सार एजेन्टको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

(ग) कम्प्युटर सम्बन्धी कम्तीमा तीन महिनाको आधारभूत तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि।

(घ) दरखास्तवाला भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (३) बमोजिमको व्यक्ति (भन्सार एजेन्टको प्रतिनिधि) भएमा सोही उपनियम बमोजिम भन्सार कार्यालयको प्रमुखले प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपि।

..................................................................................................

**कार्यालय प्रयोजनका लागिः**

| | |
|---|---|
| १. परीक्षा दस्तुर रुः | २. भौचर नं. मितिः |
| ३. प्रतिलिपिहरुको संलग्न प्रतिः | ४. दरखास्त बुझ्नेको दस्तखत र मितिः |
| दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत र मितिः | |

कार्यरत विभाग/कार्यालयको कर्मचारीबाट रुजु गर्ने कर्मचारीको
दस्तखतः
नाम, थरः
मितिः

उपर्युक्त विवरण ठीक छ भनी प्रमाणित गर्ने अधिकारीको
दस्तखतः
नाम, थरः
मितिः
कार्यालयको छापः

..................................................................................................

## भन्सार एजेन्टको परीक्षाको

## प्रवेशपत्र

(कार्यालय प्रयोजनका लागि)

**फोटो**
हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फाराममा र फोटोमा पर्ने गरी दरखास्तवालाले सही गर्ने।

दरखास्तवालाको नाम थरः
विज्ञापन नम्बरः
रोल नम्बरः
परीक्षा केन्द्रः

...................................

**दरखास्तवालाको दस्तखत**

..................................................................................................

## भन्सार एजेन्टको परीक्षाको

## प्रवेशपत्र

| फोटो |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फाराममा र फोटोमा पर्ने गरी दरखास्तवालाले सही गर्ने। |

दरखास्तवालाको नाम थरः

विज्ञापन नम्बरः

रोल नम्बरः

परीक्षा केन्द्रः

.................................

**दरखास्तवालाको दस्तखत**

**कार्यालय प्रयोजनका लागिः**

यस विभागबाट लिइने भन्सार एजेन्टको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिएको छ। विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा तथा परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरु पालना नगरेको पाइएमा जुनसुकै अवस्थामा पनि परीक्षा रद्द गर्न सकिनेछ।

परीक्षा केन्द्रः

रोल नम्बरः

.................................

**अधिकृतको दस्तखत**

**परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरुः**

(१) परीक्षा दिन आउँदा प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ। प्रवेशपत्र बिना परीक्षामा बस्न पाइने छैन।

(२) लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु पर्नेछ।

(३) परीक्षा शुरु हुने ३० मिनेट अगावै घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। परीक्षा शुरु भएको १५ मिनेटपछि आएमा परीक्षामा बस्न दिइने छैन।

(४) परीक्षा सुरु भएको ३० मिनेटपछि मात्र परीक्षा हलबाहिर जाने अनुमति दिइनेछ।

(५) परीक्षा हलमा किताब, क्याल्कुलेटर, कापी, कागज, चिट आदि ल्याउन हुँदैन। परीक्षार्थीहरुले आपसमा कुराकानी र सङ्केत गर्न समेत पाउने छैनन्।

(६) परीक्षामा परीक्षार्थीले अनिवार्यरुपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ। वस्तुगत परीक्षामा लेखन सहयोगी राखेर परीक्षा दिन पाइने छैन।

(७) परीक्षा हलमा मोबाइल फोन प्रयोग गर्न पाइने छैन।

(८) परीक्षा हलमा परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको परीक्षार्थीको परीक्षा स्वतः रद्द भएको मानिनेछ।

(९) बिरामी परीक्षार्थी परीक्षा हलमा प्रवेश गरेपछि निजलाई केही भएमा भन्सार विभाग जवाफदेही हुने छैन।

(१०) परीक्षार्थीले परीक्षा दिएको दिनमा परीक्षा हलमा अनिवार्य रुपमा हाजिर गर्नु पर्नेछ।

(११) भन्सार विभागले सूचनाद्वारा जारी गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।

(१२) परीक्षार्थीले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्नको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नु पर्नेछ। नलेखेमा परीक्षा स्वतः रद्द हुनेछ।

(१३) कुनै दरखास्तवालाले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य परीक्षार्थीलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ।

(१४) अन्तर्वार्तामा सहभागी दरखास्तवालाले दरखास्त फारामसाथ पेश गरेका सम्पूर्ण कागजातहरुको सक्कल प्रति अनिवार्य लिई आउनु पर्नेछ।

## अनुसूची-६

(नियम ३७ को उपनियम (५) सँग सम्बन्धित)

नेपाल सरकार

**अर्थ मन्त्रालय**

**भन्सार विभाग**

इजाजतपत्र सङ्ख्याः

**भन्सार एजेन्टको इजाजतपत्र**

| भन्सार एजेन्टको पासपोर्ट साइजको फोटो |
|---|

मितिः ..........................

निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित कामको लागि निकासीकर्ता वा पैठारीकर्ताको भन्सार एजेन्टको रुपमा काम गर्न भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (५) बमोजिम यो भन्सार एजेन्टको इजाजतपत्र दिएको छ।

भन्सार एजेन्टको नाम थरः

दस्तखतः

स्थायी लेखा नम्बरः

स्थायी ठेगानाः ................. प्रदेश ................. जिल्ला .................

गा.पा./न.पा .................. वडा नं. ...... टोल ............

पत्राचार गर्ने ठेगानाः .............. प्रदेश ............... जिल्ला .................

गा.पा./न.पा.................. वडा नं. ...... टोल ............

टेलिफोन नम्बरः

मोबाइल नम्बरः

इमेल ठेगानाः

इजाजतपत्र जारी गर्नेको,-

नाम, थरः

दर्जाः

दस्तखतः

**नोटः**- टेलिफोन, मोबाइल र इमेल ठेगाना परिवर्तन भएमा १५ दिनभित्र अनिवार्य रुपमा विभागमा जानकारी गराउनु पर्नेछ।

.........................................................................................

पृष्ठ भाग

नवीकरणको विवरणः

| नवीकरण गरेको मिति | नवीकरण दस्तुर | बहाल रहने अवधि | नवीकरण गर्नेको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**आज्ञाले,**

**रामशरण पुडासैनी**

**नेपाल सरकारको सचिव ।**



विभाग